# विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मितिः- २०८०।१०।२१

प्रस्तावनाः विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ एवं दफा १५ को खण्ड (ठ) तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम विज्ञापन बोर्डमार्फत विद्युतीय सञ्चारमाध्यमको लागि लोककल्याणकारी विज्ञापनको निर्माण, प्रसारण र रकम भुक्तानी गर्ने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ ले दिएको अधिकार प्रयोग गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम "विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्वन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "अध्यक्ष" भन्नाले विज्ञापन बोर्डको अध्यक्षलाई सम्झनुपर्दछ ।

ख. "ऐन" भन्नाले विज्ञापन ( नियमन गर्ने) ऐन, २०७६ सम्झनुपर्दछ ।

ग. "जिल्लास्तरीय सिफारिस समिति" भन्नाले दफा ११ बमोजिम गठित जिल्लास्तरीय सिफारिस तथा अनुगमन समिति सम्झनुपर्दछ।

घ. "नियमावली" भन्नाले विज्ञापन ( नियमन गर्ने) नियमावली, २०७७ सम्झनुपर्दछ ।

ङ. "बोर्ड" भन्नाले विज्ञापन बोर्डलाई सम्झनुपर्दछ ।

च. "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनुपर्दछ ।

छ. "लोककल्याणकारी विज्ञापन" भन्नाले विद्युतीय सञ्चारमाध्यमहरुलाई बोर्डमार्फत उपलब्ध गराइने सार्वजनिक हितसम्बन्धी सूचना वा सन्देशलाई सम्झनुपर्दछ ।

ज. "लोककल्याणकारी विज्ञापनको रकम" भन्नाले बोर्डबाट सार्वजनिक हितसँग सम्बन्धित सूचना वा सन्देशहरु प्रसारण गरे बापत विद्युतीय सञ्चारमाध्यमलाई दिइने रकमलाई सम्झनुपर्दछ।

झ. "विद्युतीय सञ्चारमाध्यम" भन्नाले नियमानुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेका टेलिभिजन, रेडियो र एफ. एम. रेडियोलाई सम्झनुपर्छ ।

ञ. "समिति" भन्नाले दफा ५ बमोजिम गठित लोककल्याणकारी विज्ञापन सिफारिस समिति सम्झनुपर्छ।

नेपाल सरकार विज्ञापन बोर्ड बबरमहल, काठमाडौं

रामकृष्ण सुवेदी सचिव

ट. "सरकारी निकाय" भन्नाले संघीय संसद सचिवालय, अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, संवैधानिक निकाय, विभाग र नेपाल सरकारअन्तर्गतका अन्य सरकारी कार्यालय समेतलाई सम्झनुपर्दछ ।

ठ. "हुलाक कार्यालय" भन्नाले हुलाक सेवा विभागअन्तर्गत प्रदेश मुकाम जिल्लामा रहेको हुलाक निर्देशनालय तथा जिल्ला हुलाक कार्यालयलाई सम्झनुपर्दछ ।

३. **लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रशासनिक खर्चः** (१) बोर्डले ऐनको दफा १५ को खण्ड (ठ) बमोजिम विद्युतीय सञ्चारमाध्यमलाई उपलब्ध गराउने सार्वजनिक हितसम्बन्धी विज्ञापन निर्माण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन निर्माण गर्दा दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा गर्नुपर्नेछ।

(३) विज्ञापन निर्माण तथा प्रशासनिक खर्च गर्दा चालु आ.व. मा विद्युतीय सञ्चार माध्यमतर्फ विनियोजित रकमको पाँच प्रतिशत भन्दा बढी खर्च नहुने गरी निर्माण तथा प्रशासनिक खर्च गर्न सकिनेछ।

४. **लोककल्याणकारी विज्ञापन संकलनः** (१) सरकारी निकायले नियमावलीको नियम ६ बमोजिमका लोककल्याणकारी विज्ञापन सामग्री प्रसारण गर्नु परेमा बोर्डमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन सामग्री समितिले अध्ययन गरी प्रसारणको लागि बोर्डमा सिफारिस गर्नेछ ।

५. **लोककल्याणकारी विज्ञापन सिफारिस समिति तथा समितिको काम, कर्तव्य र अधिकारः** (१) लोककल्याणकारी विज्ञापन प्रसारणको लागि बोर्डमा सिफारिस गर्न देहाय बमोजिम लोककल्याणकारी विज्ञापन सिफारिस समिति रहनेछः

क. बोर्डको अध्यक्ष, -संयोजक
ख. बोर्डले तोकेको बोर्डको सदस्य -सह-संयोजक
ग. प्रमुख प्रशासकीय अधिकृत, बोर्ड - सदस्य
घ. निर्देशक, हुलाक सेवा विभाग - सदस्य
ङ. अध्यक्षले तोकेको विद्युतीय सञ्चारमाध्यमका विषय विज्ञ एक जना - सदस्य

(२) अध्यक्षले तोकेको बोर्डको अधिकृत कर्मचारीले समितिको सचिव भई कार्य गर्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. लोककल्याणकारी विज्ञापन प्रसारणका लागि बोर्डमा सिफारिस गर्ने,
ख. सरकारी निकायबाट प्राप्त हुने लोककल्याणकारी विज्ञापन प्रसारणको लागि बोर्डमा सिफारिस गर्ने,

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि ... सिंहदरबार, काठमाडौं

नेपाल सरकार विज्ञापन बोर्ड

...कृष्ण सुवेदी

ग. लोककल्याणकारी विज्ञापनको प्राथमिकताक्रम, समयतालिका तथा प्रसारणको भूगोल वा क्षेत्र निर्धारण गर्न बोर्ड समक्ष सिफारिस गर्ने

घ. हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रसारण वापतको भुक्तानी गर्ने कार्य, जिल्ला सिफारिस तथा अनुगमन समितिको कार्य तथा अन्य प्रशासनिक कार्य गर्नको लागि हुलाक कार्यालयलाई आवश्यक रकम निर्धारण गरी बोर्ड समक्ष सिफारिस गर्ने,

ङ. आवश्यकताअनुसार लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रसारणलाई व्यवस्थित गर्न बोर्डसमक्ष सिफारिस गर्ने ।

च. दफा ७ बमोजिम सूचीकृत भई दफा ८ बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारणका लागि आवेदन दिएका र दफा ९ बमोजिम शर्त पूरा गरेका विद्युतीय सञ्चारमाध्यमलाई विज्ञापन प्रसारणको लागि बोर्ड समक्ष सिफारिस गर्ने।

(४) संयोजकको अनुपस्थितिमा सह-संयोजकको संयोजकत्वमा सिमितको बैठक बस्नेछ।

(५) समितिले आफ्नो कार्यलाई छिटोछरितो र व्यवस्थित गराउन आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ।

६. <u>लोककल्याणकारी विज्ञापन स्वीकृतीः</u> (१) बोर्डले लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रसारणको स्वीकृति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल कुनै लोककल्याणकारी विज्ञापन प्रसारण गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो विज्ञापन निर्माण तथा स्वीकृत गरी प्रसारणको लागि विद्युतीय सञ्चारमाध्यममा पठाउन सक्नेछ । त्यसरी प्रसारणको लागि पठाईएको विज्ञापन बोर्ड बैठकमा जानकारी गराउनु पर्नेछ ।

७. <u>विद्युतीय सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरणः-</u> (१) विद्युतीय सञ्चारमाध्यमले विज्ञापन कारोबार गर्न बोर्डमा सूचीकरण गरी प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम विद्युतीय सञ्चारमाध्यमले सूचीकरण गर्न देहायका कागजातसहित बोर्डको अनलाइन प्रणालीमार्फत आवेदन दिनुपर्नेछः-

क. संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख. प्रचलित कानूनबमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाण,

ग. संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

घ. सञ्चालकको नाम, ठेगाना र सम्पर्क नं. सहितको बिवरण,

ङ. संस्थाको प्रबन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

नेपाल सरकार तथा सूचना प्रविधि सिंहदरबार, काठमाडौं

नेपाल सरकार

...मकृष्ण सुवेदी

च. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
छ. संस्थाको लेखापरीक्षण प्रतिवेदन,
ज. नियमित प्रसारणमा रहेको प्रमाण वा स्वघोषणा

(३) बोर्डमा सूचीकृत सञ्चारमाध्यमले प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र नवीकरण समेत गर्नुपर्नेछ। नवीकरणका लागि देहायका कागजात पेश गर्नुपर्नेछ:-

(१) इजाजतपत्र तथा लाइसेन्सको नवीकरण।
(२) करचुक्ताको प्रमाणपत्र
(३) लेखापरीक्षण प्रतिवेदन

८. <u>लोककल्याणकारी विज्ञापन प्रसारण</u>: (१) बोर्डमा सूचीकृत विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारण गर्न र सो बापत रकम भुक्तानी पाउन प्रत्येक आर्थिक वर्षमा बोर्डले तोकेको समयभित्र बोर्डसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ। बोर्डले सूचना-प्रविधिको माध्यमबाट समेत निवेदन माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन बोर्डले छानविन गरी दफा ९ बमोजिमका शर्त पूरा गरेका विद्युतीय सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन प्रसारणका लागि स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) लोककल्याणकारी विज्ञापन प्रसारण गर्न स्वीकृत प्राप्त विद्युतीय सञ्चारमाध्यमको सूची, प्रसारण सामग्री, प्राथमिकताक्रम र विज्ञापन प्रसारण समय तालिका बोर्डको वेबसाइटमा राखिने छ र सोही बमोजिम विद्युतीय सञ्चारमाध्यमले प्रसारण गर्नु पर्नेछ। प्रसारण गर्नु पूर्व सो को जानकारी लिखित रुपमा बोर्ड तथा सम्बन्धित हुलाक कार्यालयमा गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको निवेदन र उपदफा (२) बमोजिमको कागजात लिन तथा उपदफा (३) बमोजिमको प्राथमिकताक्रम र विज्ञापन प्रसारण समय तालिका उपलब्ध गराउने कार्य बोर्डले सूचना प्रविधि प्रणालीमार्फत समेत गर्न सक्नेछ।

(५) बोर्डले विद्युतीय सञ्चारमाध्यममा भूगोल, भाषा, संस्कृति तथा समयको आधारमा तयार गरिएका लोककल्याणकारी विज्ञापन लक्षित भूगोलका विद्युतीय सञ्चारमाध्यममा मात्र प्रसारण गर्न पठाउन सक्नेछ।

(६) बोर्डले विद्युतीय सञ्चारमाध्यमलाई ईमेल तथा सूचना प्रविधि प्रणालीलगायतको माध्यमबाट लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन सक्नेछ।

(७) मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहबाट विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीका लागि प्रवाह गर्नुपर्ने अत्यावश्यक, जरुरी र सार्वजनिक हितका सूचना वा विज्ञापन प्रसारणका लागि बोर्डमा अनुरोध भै आएमा र बोर्डले उपयुक्त ठानी उपलब्ध गराएका विज्ञापन वा सूचना विद्युतीय सञ्चारमाध्यमले निःशुल्क वा सहुलियत दरमा प्रसारण गर्नु पर्नेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
विज्ञापन बोर्ड

(८) उपदफा (७) बमोजिम सहुलियत दरमा प्रसारण गरेका सूचना वा विज्ञापन प्रसारण बापतको रकम बोर्डले निर्धारण गरेबमोजिम हुनेछ।

९. **विद्युतीय सञ्चारमाध्यमले पालना गर्नुपर्ने शर्तहरु** : विद्युतीय सञ्चारमाध्यमले यस कार्यविधिबमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछः

क. श्रमजीवि पत्रकारसम्बन्धी ऐन, २०४८ र श्रमजीवि पत्रकारसम्बन्धी नियमावली, २०४९ पालना गरेको,

ख. विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ र पत्रकार आचारसंहिता, २०७३ पालना गरेको,

ग. वर्षको कम्तिमा पनि ३३० दिन नियमित प्रसारण भएको,

घ. प्रत्येक दिन कम्तीमा पनि १० घण्टा प्रसारण भएको,

ङ. प्रत्येक कार्यक्रममा एक तिहाई भन्दा कम समय विज्ञापन प्रसारण भएको,

च. बोर्डले तोके बमोजिमको लोककल्याणकारी विज्ञापनको प्रसारण तालिकाअनुसार प्रसारण गरेको प्रसारण तालिका र प्रसारण प्रमाणपत्र पेश गरेको,

छ. एउटै कलसाईनको प्रयोग गरी वा नगरी तीस प्रतिशत भन्दा बढी कार्यक्रम रिले प्रसारण नगरेको,

ज. नियमित प्रसारण भएको एक वर्ष पूरा भएको प्रमाण वा लाइसेन्स तथा इजाजतपत्र लिएको दुई वर्ष पूरा भएको ।

१०. **हुलाक कार्यालयमार्फत गर्न सकिने:** (१) बोर्डले विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारण बापत अनुगमन तथा भुक्तानी सम्बन्धी कार्य सम्बन्धित हुलाक कार्यालयमार्फत समेत गर्न सक्नेछ।

(२) लोककल्याणकारी विज्ञापन प्रसारण बापतको अनुगमन तथा भुक्तानी गर्ने कार्य र जिल्लास्तरीय सिफारिस समितिको प्रशासनिक कार्यका लागि आवश्यक रकम समितिको सिफारिसमा बोर्डले निर्धारण गरे बमोजिम सम्बन्धित हुलाक कार्यालयलाई उपलब्ध गराईनेछ ।

(३) हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी कार्य देहायका आधारमा गर्नेछः

क. आफ्नो कार्यक्षेत्रभित्र लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने विद्युतीय सञ्चारमाध्यमको अभिलेख राख्ने,

ख. विद्युतीय सञ्चारमाध्यममा बोर्डले तोके बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण भए नभएको जाँचबुझ तथा अनुगमन गर्ने,

ग. जिल्लास्तरीय सिफारिस समितिको सिफारिसमा यस कार्यविधिअनुरुप विद्युतीय सञ्चारमाध्यमबाट प्राप्त बिजकहरुको भुक्तानी दिने र सोको विवरण बोर्डमा पठाउने,

नेपाल सरकार ... तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

...मकृष्ण सुवेदी

घ. प्राथमिकताअनुरुप तत्काल प्रसारण गर्नुपर्ने विज्ञापन प्रसारण गर्न विद्युतीय सञ्चारमाध्यमलाई तुरुन्त जानकारी गराउने,

ङ. बोर्डले तोके बमोजिमको प्रसारण तालिकाअनुसार प्रसारण नगरी कम गरेमा प्रसारण भएको आधारमा लोककल्याणकारी विज्ञापन बापतको रकम दामासाहीले भुक्तानी गर्ने,

च. बोर्डले तोकेको प्रसारण समयअनुसार प्रसारण नगरी अन्य समयमा प्रसारण गरेमा प्रसारण भएको समयको निर्धारित दर अनुसार भुक्तानी गर्ने,

छ. बोर्डसँग समन्वय गरी लोककल्याणकारी विज्ञापन प्रसारणसम्बन्धी अन्य कार्यहरु गर्ने।

११. <u>जिल्लास्तरीय सिफारिस तथा अनुगमन समिति सम्बन्धी व्यवस्थाः</u> (१) काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेक अन्य जिल्लाको हकमा विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारणको अनुगमन गर्न देहाय अनुसारको जिल्लास्तरीय सिफारिस तथा अनुगमन समिति रहनेछः

(क) कार्यालय प्रमुख, हुलाक कार्यालय -संयोजक
(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य
(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय -सदस्य
(घ) प्रतिनिधि, नेपाल पत्रकार महासंघको जिल्ला स्तरीय शाखा -सदस्य

(२) संयोजकले तोकेको कर्मचारीले जिल्लास्तरीय सिफारिस समितिको सचिव भई कार्य गर्नेछ।

(३) जिल्लास्तरीय सिफारिस समितिको बैठक संचालनसम्बन्धी व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) जिल्लास्तरीय सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) लोककल्याणकारी विज्ञापन प्रसारणको अनुमति पाएका आफ्नो जिल्लाभित्रका विद्युतीय सञ्चारमाध्यमले यस कार्यविधिबमोजिम विज्ञापन प्रसारण गरे-नगरेको अनुगमन गरी भुक्तानीको लागि हुलाक कार्यालयलाई सिफारिस गर्ने,

ख) बोर्डसँग समन्वय गरी लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी अन्य कार्यहरु गर्ने ।

ग) समितिको बैठक भत्ता तथा प्रशासनिक खर्च बोर्डले निर्धारण गरे बमोजिम हुनेछ। बैठक भत्ता उपलब्ध गराउँदा अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्ड भन्दा बढी हुनेछैन।

१२. <u>लोककल्याणकारी विज्ञापनको रकम भुक्तानीः</u> (१) विद्युतीय सञ्चारमाध्यमले दफा ८ को उपदफा (३) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापतको रकम भुक्तानी बोर्ड वा सम्बन्धित हुलाक कार्यालयमार्फत हुनेछ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भएतापनि काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेक अन्य जिल्लाबाट प्रसारण हुने विद्युतीय सञ्चारमाध्यमको भुक्तानी सम्बन्धित हुलाक कार्यालयमार्फत हुनेछ।

नेपाल सरकार विज्ञापन बोर्ड
नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

(३) बोर्डले उपदफा (२) बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण वापतको भुक्तानी गर्ने कार्य हुलाक कार्यालयमार्फत गराउँदा विद्युतीय सञ्चारमाध्यमलाई भुक्तानी दिन आवश्यक रकम प्रशासनिक खर्च वापतको रकम सम्बन्धित हुलाक कार्यालयलाई उपलब्ध गराउनेछ।

१३. <u>विद्युतीय सञ्चार माध्यमको वर्गीकरण र रकम भुक्तानी दर</u>: लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने विद्युतीय सञ्चारमाध्यमको वर्गीकरण, समय, समयतालिका र लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापतको भुक्तानीको दररेट अनुसूची-२ बमोजिम हुनेछ ।

१४. <u>अनुगमन</u>: विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारण गरे नगरेको विषयमा बोर्डले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्डले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित विद्युतीय सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

१५. <u>वजेट बाँडफाँट</u>: विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारणका लागि बोर्डले प्राप्त गरेको रकम मध्ये उत्पादन तथा प्रशासनिक खर्च कट्टा गरी हुन आउने रकमको टेलिभिजनका लागि ३४ प्रतिशत र रेडियो तथा एफ.एम. रेडियोका लागि ६६ प्रतिशत बाँडफाँट गरिनेछ।

१६. <u>विद्युतीय सञ्चारमाध्यमले विजक पेश गर्ने</u>: (१) विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापतको विजक बोर्डले तोकेको समयमा बोर्ड वा हुलाक कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(२) विद्युतीय सञ्चारमाध्यमले उपदफा (१) बमोजिमको अवधिपछि विजक पेश गरेमा बोर्ड वा हुलाक कार्यालयबाट लोककल्याणकारी विज्ञापन वापतको रकम भुक्तानी गरिने छैन ।

(३) भुक्तानीको लागि विजक पेश गर्दा प्रसारण संस्थाले विज्ञापन प्रसारण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१७. <u>भुक्तानी रोक्का हुने</u>: लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापत विद्युतीय सञ्चारमाध्यमले पाउने भुक्तानी बोर्ड वा हुलाक कार्यालयले देहायको अबस्थामा रोक्का गर्न सक्नेछः

(क) विद्युतीय सञ्चारमाध्यमले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ तथा श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३ बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिकलगायत सेवा सुविधा उपलब्ध नगराएको भनी सम्बन्धित निकायबाट लेखि आएमा,

(ख) विद्युतीय सञ्चारमाध्यमले दफा ९ बमोजिमका शर्तहरु पालना नगरेमा,

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

(ग) विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन तोकिएको प्राथमिकताका आधारमा प्रसारण नगरेमा वा समय तालिकामा उल्लेख भए बमोजिम प्रसारण नगरेमा,

(घ) विद्युतीय सञ्चारमाध्यमले बोर्डको निर्देशन बमोजिम लोककल्याणकारी विज्ञापन प्रसारण नगरेमा,

(ङ) विद्युतीय सञ्चारमाध्यमले पत्रकार आचारसंहिता, २०७३ पालना नगरेको भनी प्रेस काउन्सिल नेपालबाट लेखी आएमा

(च) विद्युतीय सञ्चारमाध्यमले विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ उल्लङ्घन गरी कारवाहीमा परेमा।

१८. **कर कट्टी तथा कोष दाखिला गरी रकम भुक्तानी पठाईने:** (१) बोर्ड तथा हुलाक कार्यालयले लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापत विद्युतीय सञ्चारमाध्यमलाई रकम भुक्तानी गर्दा नियमानुसारको कर कट्टी गर्नेछ।

(२) उपदफा (१) बमोजिम कर कट्टि गरी हुन आउने रकमको तीन प्रतिशतले हुन आउने रकम बोर्ड तथा हुलाक कार्यालयले ऐनको दफा २१ को उपदफा (१) बमोजिमको कोषमा दाखिला गर्नुपर्नेछ।

१९. **भुक्तानी सम्बन्धी व्यवस्था:** नेपाल राष्ट्र बैंकबाट "क" वर्गमा वर्गीकृत बाणिज्य बैंकहरुमध्ये बोर्ड वा हुलाक कार्यालयले तोकेको बैंकमा विद्युतीय सञ्चारमाध्यमले बैंक खाता खोल्नु पर्नेछ ।

(२) विज्ञापन प्रसारण भएको प्रमाण र विजक प्राप्त भएपछि लोककल्याणकारी विज्ञापन प्रसारण बापतको रकम विद्युतीय सञ्चारमाध्यम सञ्चालन गर्ने संस्था वा सञ्चारमाध्यमको नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

(३) उपदफा (२) बमोजिम पेश गर्नुपर्ने विज्ञापन प्रसारण भएको प्रमाण बोर्ड वा हुलाक कार्यालयले ईमेल, सूचना प्रणालीलगायतका अन्य माध्यमबाट माग गर्न सक्नेछ ।

(४) चालु आर्थिक वर्षमा भुक्तानी लिनुपर्ने रकम तोकिएको समयमा माग नगरेमा वा अन्य कुनै कारणबाट भुक्तानी नभएमा उक्त रकमको दायित्व अर्को आर्थिक वर्षमा सारिनेछैन।

(५) उपदफा (४) बमोजिम भुक्तानी माग गरेको तर बजेट नपुग भई भुक्तानी हुन नसकेको अवस्थामा भुक्तानी बाँकी रकमलाई मासिक कच्चावारी प्रमाणित गराई आगामी आर्थिक वर्षमा भुक्तानी गर्न सकिनेछ।

२०. **थप भुक्तानीसम्बन्धी व्यवस्था:** (१) महिला, दलित वा अन्य पिछडिएको समुदायबाट वा पिछडिएको भौगोलिक क्षेत्र (कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला, बझाङ, बाजुरा, अछाम, दार्चुला, मनाङ, मुस्ताङ, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ जिल्ला) बाट प्रसारण हुने विद्युतीय सञ्चारमाध्यमले अन्यत्र सञ्चालन भएका सोही श्रेणीका विद्युतीय सञ्चारमाध्यमले पाएको सुविधाको पच्चिस प्रतिशत थप रकम प्राप्त गर्नेछ।

नेपाल सरकार विज्ञापन बोर्ड

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

...कृष्ण सुवेदी

(२) उपदफा (१) बमोजिम थप भुक्तानी पाउने विद्युतीय सञ्चारमाध्यममा सबै कर्मचारी (पूर्णकालीन तथा आंशकि) महिला, दलित वा अन्य पिछडिएको समुदायबाट नै हुनुपर्ने र सञ्चालक समितिको पदाधिकारी समेत सोही समुहबाट भई निम्नानुसारका प्रावधानहरु समेत पूरा भएको हुनुपर्नेछ।

क. २५० वाट सम्मको रेडियो तथा एफ.एम .रेडियोमा समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ५ जना जनशक्ति पूर्णकालीन रुपमा काम गर्ने।

ख. २५० वाट भन्दा बढी १००० वाट सम्मको रेडियो तथा एफ.एम .रेडियोमा समाचारदाता एवं कर्मचारी गरी कम्तीमा ७ जना जनशक्ति पूर्णकालीन रुपमा काम गर्ने।

ग. १००० वाट भन्दा माथिका रेडियो तथा एफ. एम. रेडियोमा समाचारदाता एवं कर्मचारी गरी कम्तीमा १० जना जनशक्ति पूर्णकालिन रुपमा काम गर्ने।

घ. महिला, दलित वा अन्य पिछडिएको समुदायबाट सञ्चालन भए नभएको जिल्लास्तरीय सिफारिस तथा अनुगमन समितिले अनुगमन गरी निर्णय गर्नेछ।

ङ. सबै कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक भुक्तानी गरिएको तलबी बिबरण र सोको बैंक स्टेटमेन्ट पेश गर्नुपर्नेछ।

(३) महिला, दलित र अन्य पिछडिएको समुदायबाट संयुक्त रुपमा दर्ता भई सञ्चालन भएको विद्युतीय सञ्चारमाध्यमलाई थप रकम भुक्तानी गरिने छैन । महिला, दलित र अन्य पिछडिएको समुदाय तथा पिछडिएको भौगोलिक क्षेत्रमध्येको कुनै सुविधा प्राप्त गरेको विद्युतीय सञ्चारमाध्यमले दोहोरो सुविधा पाउने छैन ।

२१. **रेडियो तथा टेलिभिजन प्रसारण:** (१) रिले प्रसारण केन्द्र भएका रेडियो, एफ. एम. रेडियो, नेटवर्क रेडियोलाई तथा टेलिभिजनहरुलाई एउटै संस्था मानी भुक्तानी गरिनेछ।

(२) टेलिभिजन प्रसारणमा केवल, भू-सतही र भू-उपग्रहको इजाजतपत्र प्राप्त मध्ये कुनै एकलाई मात्र भुक्तानी गरिनेछ। भू-सतही प्रसारण अनुमती प्राप्त गरेका टेलिभिजनले आफ्नो प्रसारण भू-उपग्रह वा केबल जुन माध्यमबाट गरेको हो सोही दरमा भुक्तानी गरिनेछ।

(३) दफा १ र २ मा उल्लेख भए बमोजिम प्रसारण संस्थाले कुनै एक प्रविधि छनौट गरी लोककल्याणकारी विज्ञापन प्रसारणका लागि आवेदन दिनुपर्नेछ।

(४) एउटै प्रसारण संस्थासँग दुईवटा भन्दा बढी रेडियो तथा टेलिभिजन भएमा उक्त प्रसारण संस्थाको २ वटा रेडियो र २ वटा टेलिभिजन गरी अधिकतम ४ वटा विद्युतीय सञ्चारमाध्यमलाई मात्रै लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ।

२२. **परामर्श समिति:** (१) यस कार्यविधिको कार्यान्वयनमा बोर्डलाई आवश्यक सल्लाह, सुझाव र परामर्श दिन देहाय बमोजिमको एक परामर्श समिति रहनेछ।

क. अध्यक्ष विज्ञापन बोर्ड - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत ,विज्ञापन बोर्ड - सदस्य

ग. अध्यक्ष वा प्रतिनिधि ,नेपाल मिडिया सोसाइटी -सदस्य

घ. अध्यक्ष वा प्रतिनिधि ,मिडिया एलाइन्स -सदस्य

ङ. अध्यक्ष वा प्रतिनिधि ,सामुदायिक रेडियो प्रसारक संघ -सदस्य

च. अध्यक्ष वा प्रतिनिधि ,ब्रोडकास्टिङ्ग एसोसिएसन अफ नेपाल -सदस्य

छ. अध्यक्ष वा प्रतिनिधि ,रेडियो ब्रोडकास्टिङ्ग फोरम नेपाल -सदस्य

ज. अध्यक्ष वा प्रतिनिधि ,राष्ट्रिय टेलिभजन प्रसारक संघ -सदस्य

(२) अध्यक्षले तोकेको बोर्डको अधिकृत कर्मचारीले समितिको सदस्य-सचिव भई कार्य गर्नेछ।

(३) परामर्श समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिले बैठक सञ्चालन कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।"

२३. **बचाउ तथा खारेजीः** विद्युतीय आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणसम्बन्धी मापदण्ड,२०७८ खारेज गरिएको छ। उक्त मापदण्ड बमोजिम भएगरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

रामकृष्ण सुवेदी
सचिव

अनुसूची -१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## विद्युतीय सञ्चारमाध्यमहरुले लोककल्याणकारी विज्ञापन प्रसारणका लागि दिने निवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू

विज्ञापन बोर्ड,

बबरमहल, काठमाडौं ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ तथा विज्ञापन ( नियमन गर्ने) नियमावली, २०७७ को अधिनमा रही विज्ञापन बोर्डबाट विद्युतीय सञ्चारमाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रसारण गर्न देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु ।

(१) संस्थाको नामः

(२) सञ्चारमाध्यमको नाम (कलसाईन):

(३) ठेगानाः

(४) सञ्चालन भएको स्थानः

(५) सम्पर्क नम्बरः

(६) प्रसारण संस्थाको प्रकारः (क) रेडियो/एफ. एम. रेडियो (ख) टेलिभिजन

(७) रेडियोको हकमा क्षमता ( Watt )-

(८) टेलिभिजनको हकमा प्रकार : ( क ) भू-सतही (ख) भू-उपग्रह (ग) केबल

संलग्न कागजातहरु:-

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रचलित कानुन बमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नविकरण गरेको प्रमाण,

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण,

(ङ) संस्थाको प्रवन्धपत्र/विधान / नियमावलीको प्रतिलिपि,

(च) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखापरिक्षण प्रतिवेदन,

(छ) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रशारण भएको प्रमाण,

(ज) नियमित प्रसारण भएको एक वर्ष पुगेको वा लाइसेन्स तथा इजाजत पत्र लिएको दुई वर्ष पुरा भएको देखिने कागजात,

(झ) दफा १९ बमोजिम थप भुक्तानी दावि गर्ने व्यक्तिले थप भुक्तानी प्राप्त गर्ने प्रमाण ।

हस्ताक्षर

नामः

पद

नेपाल सरकार विज्ञापन बोर्ड बबरमहल, काठमाडौं

रामकृष्ण सुवेदी
सचिव

ठेगाना
फोन नं इमेल
संस्थाको छापः
मितिः

अनुसूची-२

(दफा १३ सँग सम्बन्धित)

## लोककल्याणकारी विज्ञापन प्रसारण गर्ने विद्युतीय सञ्चारमाध्यमको वर्गीकरण, समय, समयतालिका र लोककल्याणकारी विज्ञापन प्रसारण गरे वापतको भुक्तानीको दररेट

<u>मुल्य अभिवृद्धि कर सहितको दर रेट</u>

(क) रेडियो, एफ.एम. रेडियो तर्फ

प्रति मिनेट दर

| | 1. वर्ग | 2. वर्ग | 3. वर्ग |
|---|---|---|---|
| **समयको वर्गीकरण** | **१००० वाटभन्दा माथि** | **१००० वाटसम्म** | **२५० वाटसम्म** |
| सुपर प्राइम | रु. ४१२।५० | रु. ३७२।९० | रु. ३३९। |
| प्राइम | रु. २७६।९० | रु. २४८।६० | रु. २२६। |
| सामान्य | रु. २०९।९० | रु. १८६।५० | रु. १९६।५० |

(ख) टेलिभिजन तर्फ

प्रति मिनेट दर

| **समयको वर्गीकरण** | **भू-उपग्रह** | **भू-सतही** | **केबल** |
|---|---|---|---|
| सुपर प्राइम | रु. ४५२०।- | रु. २४८५।- | रु. १८१०।- |
| प्राइम | रु. ३१६५।- | रु. १७४०।- | रु. १२६५।- |
| सामान्य | रु. २३७५।- | रु. १३०५।- | रु. ९५०।- |

(१८)

नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

रामकृष्ण सुवेदी
सचिव